# १३

# परमेश्वरको लक्ष्य पूरा गर्नः आत्मिक पुनर्जागरणको निम्ति कबूल

*यस अध्यायमा उल्लेखित बाइबलका मूल पदहरूः* मत्ती २८:१८-२०, याकूब ५:७,८, जकरिया १०:१, मत्ती ३:११, प्रकाश १८:१, प्रकाश १९:११-१६।

*हृदयमा राख्नुपर्ने पदः* "दाजुभाई र दिदी बहिनीहरू, प्रभु नआउँञ्जेल धैर्यधारण गरेर बस्नु। हेर, किसानीले खेतबारीमा बिऊ छरेपछि त्यो राम्ररी नउँम्रुन्जेल पर्खेर बस्दछ। आफ्नो खेतबारीको लागि बसन्त ऋतुमा र झरीमा पर्ने पानीको निम्ति त्यस किसानी धिरज भएर बस्दछ। त्यसरी नै तिमीहरू धैर्यवान भएर बस्नै पर्दछ। अटुट विश्वासमा डिगो भएर बस्नु। प्रभु छिट्टै फर्कनुहुनेछ।" (याकूब ५:७,८ रूपान्तरित)।

सारा विश्वमा प्रकाश १४:६-१४मा दिएका तिन स्वर्गदूतहरूका सुसमाचारको सन्देश पुऱ्याउन मानविय रूमा हेर्दा असम्भव देखिन स्वभाविकै हो। सेभेन्थ-डे एडभेन्टिस्ट चर्च द्रुतगतिले अघि बढिरहेको छ। तर जनसंख्या बढेको तुलनामा सुसमाचारको प्रचारप्रसार बढिरहेको देखिन्दैन। संसारमा धेरै यस्ता ठाउँहरू छन् जसले सेभेन्थ-डे एडभेन्टिस्टको नाउँ पनि सुनेको छैन।

यो गम्भिर तथ्यले गम्भिर प्रश्न उब्जाउँछ। के हामीहरूकै पिँढीमा सारा संसारलाई सुसमाचार पुऱ्याउन सम्भव छ त? के कुनै त्यस्तो अलौकिक वा असाधारण घट्ना होला र जसले गर्दा तिन स्वर्गदूतका सन्देशहरू सारा संसारमा प्रचार गर्ने रफ्तार बढ्छन्? जे भएतापनि हामीहरूमा भएको एउटा लक्ष्यलाई हरदम आत्मसात् गर्नु आवश्यक छः त्यो हो परमेश्वरको लक्ष्यलाई हामीले पूरा गरिछोड्नु। साथै यस संसारको इतिहासको अन्तिम घडिमा अत्यन्त विशेष काम सम्पन्न गर्न परमेश्वरले हामीहरूलाई नियुक्ति गर्नुभएको कुरो हामीले कहिलै पनि विर्सनुहुन्न।

## १. सुसमाचार प्रचार गर्न क्षमता वा शक्ति प्रदान गर्ने वाचा (मत्ती २८:१८-२०)

मत्ती २८:१८-२०मा ख्रीष्टले दिनुभएको महान् आदेशमा ठूलो वाचा पनि जोडिएको छ। ती पदहरू पढेर त्यहाँ उल्लेख गरेको प्रतिज्ञा र त्यसको अर्थ के हो, बुझ्नुहोस्। त्यस प्रतिज्ञामा दिएको प्रतिज्ञा हामीले कसरी आफ्नै बनाउने? हामीहरूको निम्ति त्यो प्रतिज्ञा किन अत्यन्त महत्त्वपूर्ण छ? हेर्नुहोस्ः "तब येशू नजिक आएर तिनीहरूलाई भन्नुभयो, "हेर, स्वर्ग र पृथ्वीको सबै अधिकार मलाई दिइएको छ। अब तिमीहरू गएर सबै मानिसहरूलाई मेरा चेलाहरू बनाओ। तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ। तिनीहरूलाई मैले आज्ञा गरेका सबै कुराहरू मान्न सिकाओ। अनि हेर, म सधैँभरि, अँ संसारको आखिरी दिनसम्मै तिमीहरूसँगै रहनेछु।"

**येशूका चेलाहरूले जोशिलो भएर प्रचार गरे, तर त्यो जोश तिनीहरूको आफ्नै थिएन, उहाँको बलद्वारा पाएका थिए। स्वर्गमुनी रहेका प्रत्येक व्यक्तिलाई केवल छोटो वर्षभित्र सुसमाचार प्रचार गरिएको थियो भनेर पावलले दावी गर्दछन् (कलस्सी १:२३)। पावलले के भन्न खोजेको थियो भनेर कसै कसैले तर्क गर्न सक्छ। तर प्रथम शताव्धीका विश्व समाजलाई उथल पुथल गर्न सुसमाचारको भूमिका अत्यन्त प्रभावकारी थियो भन्नेमा कसैको दुईमत छैन। सुसमाचारले संसारको इतिहासको काँचुली नै फेरि दिएको थियो। चेलाहरूको आफ्नो अथक प्रयासले संसारलाई प्रभाव पारेका थिएनन् बरू ख्रीष्टको कबूल तिनीहरूमा यथार्थ हुन गएकोले हो। उहाँले भन्नु भएको थियो,** "मेरा पिताले प्रतिज्ञा गर्नुभएको अति उच्च स्थानबाट आउने शक्ति तिमीहरूलाई पठाउनेछु।" (लूका २४:४९ रूपान्तरित)। **अनि उद्धारकर्ताले यो पनि थप्नु भयो, " जब पवित्र आत्मा तिमीहरूमा आउँछ, तिमीहरूले शक्ति पाउनेछौ। त्यही शक्तिद्वारा तिमीहरू यरुशलेममा मेरो गवाही दिन सामर्थ पाउने छौ। त्यहाँबाट तिमीहरू यहूदीया र सामरियामा पनि मेरो गवाही दिनेछौ। अनि संसारको एक कुनाबाट अर्को कुनामा तिमीहरू मेरो साक्षी हुनेछौ।" (प्रेरित १:८ रूपान्तरित)।**

ती चेलाहरूलाई दिइएको ती अभिभाराहरू चुनौतीपूर्णमात्र नभएर **असम्भव पनि देखिन्थे।** तर परमेश्वरका प्रतिज्ञाहरू अटल र निश्चित

छन्। येशूले दिनुभएको यी वचन पनि प्रतिज्ञा नै हो, "सारा संसारमा यो सुसमाचार प्रचार गरिनेछ। सारा राष्ट्रहरूमा तिमीहरू मेरा साक्षी हुनेछौ। अनि संसारको अन्त हुनेछ।" (मत्ती २४:१४ रूपान्तरित)। मानविय दृष्टिकोणले सारा संसारभरी सुसमाचार प्रचार गर्न सम्भव देखिन्दैन। तर हरेक असम्भव परमेश्वरको शक्तिमा सम्भव हुन्छ। प्रत्येक समस्या परमेश्वरको शक्तिले समाधान हुन सक्छ। (याद गर्नुहोस् संसारका प्रत्येक मानिसहरू इसाई हुनेछ भनिएको छैन तर) यस पृथ्वी ग्रहमा रहेको प्रत्येक व्यक्तिले कुनै न कुनै तरिकाले परमेश्वरको सन्देश सुन्न र बुझ्न अवसर पाउनेछ। येशू आउनुभन्दा अघि परमेश्वरको प्रेम र सत्यको सन्देश प्रत्येक मानव प्राणीले थाहा पाउनेछ (प्रकाश १८:१)।

"आकाशमा स्वर्गदूतहरू हतारहतारमा यताउती घुमीरहेको मैले देखें। तिनीहरू पृथ्वीमा ओर्लिन र स्वर्गमा तलमाथि गर्न व्यस्त थिए। कुनै महत्त्वपूर्ण घटनालाई तयार गरि पूरा गर्न तिनीहरू व्यस्त थिए। अर्को पराक्रमी स्वर्गदूत पृथ्वीमा ओर्लेको मैले देखें। तेस्रो स्वर्गदूतको आवाजसँग आफ्नो आवाज मिलाउन र उनको सन्देशलाई प्रभावकारी बनाउन तिनी आएका थिए। त्यस स्वर्गदूतले महान् शक्ति र महिमा वा तेज पाएका थिए। जब तिनी यस संसारमा ओर्ले तब उनको महिमाले यस पृथ्वी तेजिलो भएको थियो। स्वर्गदूतबाट आएको तेजले सारा संसारभरि फैलिएको थियो।"-एलेन जी ह्वाइट, *अर्ली राइटिङ्गस्,* पृ. २७७बाट रूपान्तरित।

परमेश्वर आफैले उहाँको कामलाई सिध्याउनु हुनेछ। उहाँको आत्मा वा जोश शक्तिशालीरूपमा खन्याइनेछ। अनि मानिसको निम्ति असम्भव भएको काम उहाँले पूरा गर्नुहुनेछ।

ख्रीष्ट येशूको निम्ति साक्षी बक्न तपाईंले कस्ता कस्ता उत्तम उपायहरू अपनाउन सक्नुहुन्छ? मत्ती २४:२४मा उल्लेखित सारा संसारमा सुसमाचार प्रचार गर्ने प्रक्रियामा तपाईं कसरी सहभागी हुन सक्नुहुन्छ?

## २. चाँडो र पछि आउने झरी (योयल २:२१-२४)

पवित्र आत्माको बारेमा स्पष्टरूपमा बुझाउन दुवै पुरानो र नयाँ करारमा त्यसलाई पानीको संज्ञा दिएर शव्दचित्र कोरिएको छ। येशूले उद्धृ गर्नुभएको यशैयाको पुस्तकमा पनि पवित्र आत्मालाई पानीको संज्ञा

दिइएको छ। त्यस उद्धरण यस प्रकारको छ, "जो तिर्खाएको छ त्यसमा म पानी खन्याउनेछु....तिमीहरूको भावी पुस्तालाई मेरो आत्मा खन्याउनेछु।" (यशैया ४४:३ रूपान्तरित)। यशैयाले रचेको कवितामा हिब्रूभाषाको चलन चल्तिमा आएको समानान्तर वा तुलनात्मक साहित्य शव्दहरू प्रयोग गरेको पाइन्छ।

कुनै पनि वाक्यको पहिलो अंशलाई वाख्या गर्न दोस्रो अंशमा समानान्तर वा तुलनात्मक शव्दचित्र कोरिएको हुन्छ। त्यसलाई अङ्ग्रेजीमा पारालालइजम (**parallelism**) अर्थात् समानान्तर वा तुलनात्मक शव्दचित्र भनिन्छ। अगमवक्ता योएलले आफ्नो सन्देश बुझाउन पानीलाई प्रतिक बनाएर छलफल गर्दछ। इस्राएलका खेतवारीहरूमा परमेश्वरले पानी पठाउनु हुनेछ भनेर उनले लेख्दछन्। परमेश्वरले घोषणा गर्नुहुन्छ, "त्यसपछि म सबै मानिसहरूमाथि मेरो आत्मा खन्याउनेछु, तिमीहरूका छोरा-छोरीहरूले मेरो वचनको घोषणा गर्नेछन्, तिमीहरूका बुढापाकाहरू स्वप्नदर्शी हुनेछन् र तिमीहरूका युवाहरूले दर्शन देख्नेछन्। २९ त्यस बेला म मेरो आत्मा सेवक र सेविकाहरू दुवैमाथि पनि खन्याउनेछु।" (योयल २:२८,२९)। पवित्र आत्माको बारेमा बुझाउन येशूले पनि पानीको संज्ञा प्रयोग गर्नुभएको थियो (यूहन्ना ७:३७-३०)।

पवित्र आत्मा मानिसमाथि खन्याउनु भनेको के हो भनेर पुरानो करारमा योयलले र नयाँ करारमा याकूबले प्रयोग गरेका थिए। ती दुवैले प्रयोग गरेका पवित्र आत्माको शव्दचित्रलाई हामीले कसरी बुझ्ने? हेर्नुहोस्, योयल २:२१-३२," "ए भूमि, नडरा तर आनन्द र रमाहट गर् किनभने परमप्रभुले तेरो लागि महान् काम गर्नुभएको छ। ए जन्तुहरू हो, नडराओ। चरनहरू हरिया छन्, रूखहरूमा फल लाग्दै छन् र नेभारा र दाख प्रशस्तै फल्दै छन्। "हे सियोनका बासिन्दाहरू हो, आनन्द मनाओ। परमप्रभु तिमीहरूका परमेश्वरले गर्नुभएको कामको निम्ति रमाहट गर। उहाँले शरद ऋतुमा ठिक्क चाहिने वर्षा दिनुभएको छ। उहाँले हिउँद र बसन्तका झरी अघिझैं बर्साउनुभएको छ। खलाहरू अन्नले भरिएका हुनेछन्। दाखमद्य र जैतुनको तेल रसकुण्डहरूमा भरिएर बाहिर पोखिनेछन्। सलहका हुलहरूले तिमीहरूका अन्नबाली खाएर नाश पारेका वर्षहरूमा तिमीहरूको जति नोक्सान भएथ्यो, त्यो म

पूरा गरी फर्काइदिनेछु। सलहहरूका सेना तिमीहरूको विरुद्धमा पठाउने म नै थिएँ। अब तिमीहरूले प्रशस्त खानेकुरा पाउनेछौ र तृप्त हुनेछौ। तिमीहरूको निम्ति अचम्मका काम गर्नुहुने परमप्रभु आफ्ना परमेश्वरको तिमीहरूले प्रशंसा गर्नेछौ। मेरो प्रजा फेरि कहिल्यै लाजमापर्नेछैन। तब ए इस्राएलीहरू हो, म तिमीहरूका माझमा छु र म परमप्रभु तिमीहरूका परमेश्वर हुँ र मबाहेक अर्को परमेश्वर छैन भनी तिमीहरू बुझ्नेछौ। मेरो प्रजा फेरि कहिल्यै लाजमापर्नेछैन। "त्यसपछि म सबै मानिसहरूमाथि मेरो आत्मा खन्याउनेछु, तिमीहरूका छोरा-छोरीहरूले मेरो वचनको घोषणा गर्नेछन्, तिमीहरूका बुढापाकाहरू स्वप्नदर्शी हुनेछन् र तिमीहरूका युवाहरूले दर्शन देख्नेछन्। त्यस बेला म मेरो आत्मा मेरा सेवक र सेविकाहरू दुवैमाथि पनि खन्याउनेछु। आकाश र पृथ्वीमा म त्यस दिनको बारेमा चेतावनी दिनेछु। रक्तपात, आगलागी र धूवाँको बादल फैलनेछ। परमप्रभुको त्यो महान् र डरलाग्दो दिन आउनुअघि सूर्य अँध्यारो हुनेछ र चन्द्रमा रगतझैं रातो हुनेछ। तर ज-जसले परमप्रभुसँग सहायताको निम्ति पुकारा गर्नेछन्, तिनीहरू बचाइनेछन्। परमप्रभुले भन्नुभएअनुसार सियोन डाँडामा र यरूशलेममा कोही-कोही उम्कनेछन् र उहाँले चुन्नुभएका जतिचाहिँ बाँच्नेछन्।"

याकूब ५:७,८, "त्यसो हुँदा दाजुभाइहरू, प्रभु नआउञ्जेलसम्म धीरज भएर बस। हेर, खेती गर्नेले बहुमूल्य बाली उब्जाउन कति धीरज छर्छ। उसले वर्षा र हिउँदको पानी पर्खन्छ। ८ तिमीहरू पनि त्यसै गरी पर्खेर दह्रो भई बस। आफ्नो आशा नमार, प्रभु आउनुहुने दिन नजिकै छ।"

**अक्टोबर वा भदौ असोजतिर बिऊ रोप्ने र खन्ने काम बाइबलको समयमा इस्राएलमा हुन्थ्यो। चाँडो आएको वर्षाको लगत्तै त्यो काम हुन्थ्यो। चाँडो आएको वर्षाले बिऊ उम्रिन र बढ्न सहयोग गरिन्थ्यो। अनि वसन्त ऋतु पछि आएको वर्षाले वर्षाले फल पकाउँथ्यो र कटानी गर्न तयार पारिन्थ्यो। जौ र अन्न कटानीको वसन्त ऋतुको समयमा हुन्थ्यो। अनि त्यसपछि गृष्म ऋतु वा गरम मौसममा फलफुलहरू टिप्ने काम हुन्थ्यो।**

**चाँडो पर्ने पानी र वर्षायाममा पर्ने पानीलाई प्रयोग गरेर परमेश्वरले दुई अर्थ लगाउनु भएको थियो। चाँडो वर्षा भनेको**

पेन्टिकोस्टको समयमा चेलाहरूमा पवित्र आत्मा खनिएर इसाई वा सुसमाचार प्रचारप्रसार गर्ने कार्य शुभारम्भ गरिएको थियो। अनि यस संसारको अन्तमा परमेश्वरको काम सिध्याउन पनि विशेषरूपमा पवित्र आत्मा खन्याइनेछ। त्यसलाई पछिल्लो वर्षा भनेर नाउँ दिइएको छ। अर्थात् येशूको सुसमाचारको कार्य सुरू भएदेखि वर्तमान अवस्थासम्म दैनिक जीवनमा सुसमाचार प्रचार गर्न, शिक्षादिक्षा दिन, अगुवाई गर्न र प्रत्येक विश्वासीलाई उपासक बनाउन सक्षम् बनाउने पवित्र आत्माको कामलाई चाँडो वर्षा भनिन्छ। यस संसारमा येशूको दोस्रो आगमन हुनुभन्दा ठ्याक्कै अघि विशेष कामको निम्ति ख्रीष्टको चर्चमा वर्षिने परमेश्वरको पवित्र आत्मालाई "पछिल्लो वर्षा" भनेर कहालाइन्छ।

"बिऊ रोप्ने र कटानी गर्ने पूर्व वा पूर्वी देशमा वर्षिने चाँडो र पछिल्लो वर्षा भनेर प्रयोग गरिएका शव्दहरू शव्दचित्र हुन्। परमेश्वरको चर्चमा खनिने विशेष आत्मिक अनुग्रहलाई वाख्या गर्न हिब्रू अर्थात् यहूदी अगमवक्ताहरूले भविष्यवाणी गर्न ती शव्दचित्रहरूलाई प्रयोग गरेका थिए। पेन्टिकोस्टको समयमा येशूका चेला र अरू चेलाहरूलाई खन्याइएको पवित्र आत्मालाई चाँडो वर्षाको सुरू थियो। त्यसको कारणले परमेश्वरको काम अत्यन्त द्रुतगतिले फैलिएको थियो।....

"तर कटनीको समय अर्थात् संसारको इतिहासको अन्ततिर आत्मिय अनुग्रह विशेष गरि खनिनेछ भनेर प्रतिज्ञा दिइएको छ। मानिसको पुत्रको ठिक आगमन अघि चर्च अर्थात् येशूका भक्तहरूलाई तयार पार्न त्यो आत्मा खन्याइनेछ। त्यो खनिने आत्मालाई पछिल्लो वर्षासँग तुलना गरिएको छ। संसारको अन्तमा हुने पछिल्लो वर्षाको निम्ति बालीनाली कटनी गरेर भित्राउने (धर्मीजनहरूलाई स्वर्गमा लगिने)का परमेश्वरसँग थप शक्ति वा जोशको आत्मा खन्याउन येशूभक्तहरूले प्रार्थना गर्नुपर्दछ।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स्,* पृ. ५४,५५बाट रूपान्तरित।

## ३. पछिल्लो वर्षाको निम्ति आवश्यक तयारी (प्रेरित ३:१८-२०)

पूर्ण रूपमा पवित्र आत्मा खनिएर जोशिलो र प्रभावकारी रूपमा तयार हुन हामी के गर्नुपर्छ भनेर देहायएका पदहरूले हामीलाई के भन्छन्? प्रेरित १:१४, "तिनीहरू केही दिदी-बहिनीहरू र येशूकी आमा मरियम र उहाँका भाइहरूसँग जम्मा भएर प्रार्थनामा लागिरहन्थे।"

जकरिया १०:१, “१ वर्षको पहिलो झरी आउने समयमा परमप्रभुसित वर्षा माग। वर्षा ल्याउने बादल र झरी पठाएर खेतबारी लहलह पार्नुहुने परमप्रभु नै हुनुहुन्छ।" प्रेरित ३:१८-२०, “ख्रीष्टले दु:ख भोग्नुपर्छ भनी परमेश्‍वरले धेरै अघिदेखि अगमवक्ताहरूद्वारा भन्नुभएको कुरालाई उहाँले यसरी पूरा गर्नुभयो। १९ अब तपाईंहरू आ-आफ्ना पापलाई मानिलिएर परमेश्‍वरकहाँ फर्कनुहोस् र उहाँले तपाईंहरूको सबै पाप मेटिदिनुहुनेछ। यसरी तपाईंहरूले परमेश्‍वरबाट आत्मामा शान्ति र शक्ति पाउनुहुनेछ। २० परमेश्‍वरले तपाईंहरूका निम्ति चुन्नुभएको मुक्ति दिनुहुने राजा ख्रीष्टलाई फेरि पठाइदिनुहुनेछ। उहाँ त येशू नै हुनुहुन्छ।", प्रेरित ४:३१, “ यसरी प्रार्थना गरिसकेपछि तिनीहरू भेला भएको ठाउँ हल्लियो। तिनीहरू सबै पवित्र आत्माले भरिए र तिनीहरूले परमेश्‍वरको वचन नडराइ सुनाउन थाले।", भजन ११९:२५, “म हारेर माटोमा लडिरहेको छु, तपाईंले प्रतिज्ञा गर्नुभएअनुसार मलाई फेरि उठाउनुहोस्।" र यूहन्ना ६:६३, “जीवन दिनुहुनेचाहिँ परमेश्‍वरका आत्मा नै हुनुहुन्छ। यो काम त मानिसको शक्तिले हुनै नसक्ने कुरा हो। मैले तिमीहरूलाई भनेका कुराहरूचाहिँ आत्मा र जीवन हुन्।"

**आफ्नो जीवनमा पवित्र आत्मा आओस् भनेर प्रत्येक येशूभक्तले परमेश्वरसँग प्रार्थना गर्नुपर्छ भनेर बाइबलले हामीलाई अऱ्हाउँछ (लूका ११:१३)। येशूका चेलाहरूले ख्रीष्टले दिनुभएको कबूलमा विश्वास गरेका थिए। पेन्टिकोस्टको चाडमा एउटा घरको कोठामा तिनीहरू सबै जना एकमत भएर त्यस पवित्र आत्माको निम्ति प्रतिक्षा गरेर बसेका थिए। पवित्र आत्मा खनियोस् भनेर तिनीहरू एक भएर प्रार्थना गरेका थिए (प्रेरित १:८,,१४)। पवित्र आत्माको निम्ति हामीले प्रार्थना गरोस् भनेर परमेश्वरले हामीलाई किन भन्नुहुन्छ? उहाँले हामीलाई पवित्र आत्मा दिन नचाहने भएकोले होइन। तर साँच्चिकै कारणचाहिँ उहाँको आत्मा पाउन हामी तयार नभएकोले नै हो। जब पवित्र आत्मा खनिन हामी प्रार्थना गर्दछौं तब गम्भिर र गहिरो रूपमा पश्चाताप गराउन परमेश्वरले हाम्रो हृदयमा काम गर्नुहुन्छ। जब चर्चका अरू विश्वासीहरूसँग मिलेर हामी प्रार्थना गर्दछौं तब त्यसले हामीलाई एकजुट बनाउँछ, एकताको सुत्रमा बाँधी दिन्छ र आत्मिय सङ्गतीमा टेवा दिन्छ। एकजुट भएर प्रार्थना र बाइबल अध्ययन गर्दा हामीहरूको दिमागलाई यस्तरी तयार बनाउँछन्**

कि त्यसले हाम्रो जीवनमा पवित्र आत्माले काम गर्न संवेदनशील बनाउँदछ।

जब हामीहरू आत्मिक रूपमा पुनजागृत हुन्छौं तब त्यसको स्वभाविक नतिजा के हुन्छ त? सबै आत्मिक पुनर्जागरण र आमूल परिवर्तित सुधारिएको जीवन वा नवजीवनले हामीलाई कतातिर मोड्दछ त? हेर्नुहोस्: भजन ५१:१०:१३, "हे परमेश्वर! मभित्र एउटा शुद्ध हृदय सृजना गर्नुहोस् र एउटा नयाँ र भक्तिको आत्मा ममा बसाल्नुहोस्। ११ आफ्नो उपस्थितिदेखि मलाई नधपाउनुहोस्, मबाट तपाईंको पवित्र आत्मा नहटाउनुहोस्। १२ तपाईंको मुक्तिबाट पाइने आनन्द मलाई फेरि दिनुहोस् र मलाई तपाईंको आज्ञा मान्ने इच्छा दिनुहोस्। १३ तब म पापीहरूलाई तपाईंका आज्ञा सिकाउनेछु र तिनीहरू तपाईंतर्फ फर्कनेछन्।", प्रेरित ४:१३,२० "पत्रुस र यूहन्ना धेरै नपढेका साधारण मानिस थिए। तैपनि उनीहरूले ठूलो साहससँग बोले। यो देखेर सभाका मानिसहरू सबै छक्क परे। पत्रुस र यूहन्ना पनि येशूसँगै रहन्थे भन्ने कुरा तिनीहरूले थाहा पाए।...२० हामी त आफैंले सुनेका र देखेका कुरा नभनी चुप लागेर बस्न सक्दैनौं।", प्रेरित ५:३३, " हामी यसको साक्षी छौं र परमेश्वरले आफ्ना आज्ञापालन गर्नेहरूलाई दिनुभएको पवित्र आत्माले पनि साक्षी दिँदै हुनुहुन्छ।" र प्रेरित ८:४, " छरिएका प्रभुका विश्वासीहरू जताततै गएर प्रभुको वचन सुनाउन लागे।"

**सबै खालका सच्चा आत्मिक पुनर्जागरण र नव जीवन पाएको अनुभवले परमेश्वरको निम्ति साक्षी बन्न उत्सुक बनाउँछ। येशूले हाम्रो निम्ति के गर्नुभयो त्यसप्रति आभारित हुँदै सबै कुरामा धन्यवाद दिन हामीहरूको हृदय भरिन्छ। अनि हामी पत्रुस र यूहन्ना जस्तै हुन्छौं, जसले भनेका थिए, "हामीले जे देखेका छौं र सुनेकाछौं त्यसको बारेमा बोल्न बाहेक हामी अरू केही पनि गर्नसक्दैनौं।" (प्रेरित ४:२० रूपान्तरित)। पेन्टिकोस्टको चाडमा खनिएको चाँडो पवित्र आत्माको वर्षाले उत्तम तरिकाले प्रचार गर्न चेलाहरूलाई सक्षम बनाएको थियो। तिनीहरूको प्रचारप्रसार यस्तो प्रभावशाली थियो की थेस्सोलोनिका (आधुनिक टर्की) शहरमा विद्रोहको आगो सल्केको थियो। त्यहाँका मानिसहरू एकदम डराएर यसरी चिच्च्याए, " सारा संसार नै उथलपुथल**

गर्ने यी मानिसहरू (येशूका चेलाहरू) हामीकहाँ पनि आए!" (प्रेरित १७:६ रूपान्तरित)।

जुन रूपमा पेन्टिकोस्टमा पवित्र आत्मा खनिए त्यो चेलाहरूको समयका पुस्तालाई येशूको बारेमा प्रभावकारी रूपमा साक्षी दिन तिनीहरूलाई सक्षम् बनाएको थियो। त्यही प्रकारले संसारको अन्तमा रहेको पुस्ताले पनि सुसमाचार सुनियोस् भनेर परमेश्वरले उहाँको चर्चमा विशेष गरि पवित्र आत्मा खन्याइ दिनुहुनेछ। पछि वर्षिने पवित्र आत्माको वर्षाले यस संसारमा उहाँको लक्ष्य पूरा हुनेछ। त्यो भन्दा वाहेक परमेश्वरले हामीलाई केही अरू वचन दिनुभएको छैन। स्वर्गको अत्यन्त महत्त्वपूर्ण र महान् वरदान असिमित रूपमा खन्याइनेछ। उहाँको चर्चले अत्यन्त महत्त्वपूर्ण काम सम्पन्न गर्न त्यो प्रक्रिया परमेश्वरले अपनाउनुहुनेछ।

प्रचारप्रसार र साक्षी दिएर सुरूका चेलाहरूले संसारलाई उथलपुथल गरेका थिए रे! हामीले पनि त्यही काम कसरी गर्ने?

## ४. आगोको बप्तिस्मा (मलाकी ३:२,३)

पानी, हावा र तेलहरूको संज्ञा दिएका पवित्र आत्मा र उनको कामलाई बाइबलमा वाख्या गरेका छन्। आगोको संज्ञा दिएर बप्तिस्मा दिने यूहन्नाले पवित्र आत्माको कामलाई वाख्या गरेका थिए (मत्ती ३:११, लूका ३:१६)।

बप्तिस्मा दिने यूहन्नाको अर्थलाई धेरै मानिसहरूले गलत ढँगमा वाख्या गरेका छन्। तर याद गर्नुहोस् ती पदहरूमा यो उल्लेख गरिएको छैन, " उहाँले आगोसँग पवित्र आत्माले तिमीहरूलाई बप्तिस्मा दिनुहुनेछ।" तर यसरी भनिएको छ, "तिमीहरूलाई पवित्र आत्मा र आगोले उहाँले बप्तिस्मा दिनुहुनेछ।" "पहिला पवित्र आत्माले बप्तिस्मा दिइनेछ अनि आगोले" भनिएको छ। अर्थात् पवित्र आत्माको बप्तिस्मा नै आगोको बप्तिस्मा हो। येशूलाई सार्वजनिक रूपमा ग्रहण गरिने तरिकालाई नयाँ करारमा बप्तिस्मा भनिन्छ। यो प्रक्रियालाई नयाँ करारमा ८० पल्ट उल्लेख गरेका छन्। त्यसको अर्थ, पानीमा चुर्लुम्म डुब्नु हो।

देहायका पदहरूमा आगोको प्रतिकलाई बाइबलमा कसरी प्रयोग गरिएका छन्, हेर्नुहोस्ः प्रस्थान ३:२-६, " त्यहाँ परमप्रभुका दूत एउटा पोथ्राको बीचमा जलिरहेको ज्वालाको रूपमा उनको अघि प्रकट भए।

मोशाले देखे कि पोथ्रा जलिरहेको थियो, तर भस्म भएको थिएन। ३ "यो त उदेकको कुरा हो, पोथ्राचाहिँ किन भस्म हुँदैन? म छेउमै गएर हेर्नुपर्‍यो," उनले मनमा भने। ४ मोशालाई नजिक आएको देखेर पोथ्राको बीचबाट परमप्रभुले उनलाई बोलाउनुभयो, "मोशा!, ए मोशा!" मोशाले उत्तर दिए, "हजुर, म यहाँ छु। ५ परमेश्वरले भन्नुभयो, "छेउमा नआइज। तेरो खुट्टामा भएको जुत्ता फुकाल् किनभने तँ पवित्र भूमिमा उभिएको छस्। ६ म तेरा पुर्खाहरूका परमेश्वर हुँ, अब्राहाम, इसहाक र याकूबका परमेश्वर हुँ।" मोशाले आफ्नो अनुहार छोपे किनभने उनी परमेश्वरलाई हेर्न डराए।", प्रस्थान २४:१५-१८, "मोशा सीनै पर्वतमाथि गए र बादलले पर्वतलाई ढाक्यो। १६-१७ परमेश्वरको उपस्थितिमा चम्किलो ज्योति पर्वतमा पर्‍यो। त्यस ज्योतिलाई इस्राएलीहरूले पर्वतमाथि जलिरहेको आगोजस्तो देखे। बादलले पर्वतलाई छ दिनसम्म ढाकिराख्यो र सातौं दिन परमेश्वरले बादलका बीचदेखि मोशालाई बोलाउनुभयो। १८ मोशा पर्वतमा गएर बादलभित्र पसे। उनी त्यहाँ चालीस दिन र चालीस रात बसे।", १ राजा १८:२४, "तब बालका अगमवक्ताहरूले आफ्ना देवतालाई प्रार्थना गरून् र म परमप्रभुलाई प्रार्थना गर्नेछु। जसले आगो पठाएर जवाफ दिनुहुनेछ, उहाँ नै परमेश्वर हुनुहुन्छ।", मलाकी ३:२,४," तर उहाँ आउनुभएको दिनमा को टिक्न सक्ला? उहाँ देखा पर्नुहुँदा को बाँच्न सक्ला? उहाँ कडा साबुन वा सुन खार्ने आगोजस्तो हुनुहुन्छ। चाँदी खारेर शुद्ध बनाउने मानिसझैं उहाँ न्याय गर्न आउनुहुनेछ। सुन र चाँदी खारेझैं परमप्रभुको दूतले लेवी कुललाई खार्नेछन् र तिनीहरूले परमप्रभुकहाँ उचित भेटीहरू चढाउनेछन्। तब यहूदा र यरूशलेमका मानिसहरूले परमप्रभुलाई चढाएका भेटीहरू बितेका दिनहरूमा झैं उहाँको निम्ति मनपर्दा हुनेछन्।", प्रेरित २:१-४, "पेन्टीकोस्ट भनिने यहूदी चाड हुँदा प्रभु येशूमा विश्वास गर्ने सबै मानिसहरू एकै ठाउँमा भेला भएका थिए। २ त्यस बेला एक्कासि आकाशबाट ठूलो हावा चल्यो र त्यो हावाको आवाजले तिनीहरू बसेको घर भरियो ३ अनि आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे। ती आगोका जिब्राहरू भाग-भाग भएर त्यहाँ भएका सबै मानिसमाथि बसे। ४ तिनीहरू सबै पवित्र आत्माले भरिए र तिनीहरूले पवित्र आत्माबाटै बोल्ने शक्ति पाएर

अन्य भाषाहरूमा बोल्न थाले।" र हिब्रू १२:२८,२९,"यसकारण हल्लाउनै नसकिने राज्य हामीले पाएकोमा परमेश्वरलाई धन्यवाद चढाऔं अनि उहाँलाई मन पर्ने किसिमले भक्ति र आदरसँग उहाँको आराधना गरौं। किनभने साँच्चै हाम्रा परमेश्वर त भस्म गर्ने आगो हुनुहुन्छ।"

तेजस्वीमय परमेश्वर, उहाँको उपस्थिति, उहाँको शक्ति र पवित्र आत्माको सेवाकार्यलाई बुझाउन बाइबलमा आगोको प्रतिक वा संज्ञा प्रयोग गरिएको छ। आगोद्वारा बप्तिस्मा लिनुको अर्थ परमेश्वरको महिमाले विश्वासीहरूको जीवन भर्नु हो। पवित्र आत्माको शक्तिले तिनीहरूलाई त्यो अवस्थामा पुऱ्याइन्छ। तिनीहरू परमेश्वरको लागि साक्षी बन्न सकुन् भनेर नै तिनीहरूमा पवित्र आत्मा भरिएका हुन्छन्। जली रहेको आगोको झाङ्गमा मोसाले परमेश्वरलाई भेटेका थिए। परमेश्वरको त्यस महिमित उपस्थितिबाट मोसा निस्के र फारोह राजालाई भेट्न सुरिन सके। आगोको ज्वालाद्वारा परमेश्वरको महिमाको उपस्थिति अगमवक्ता एलियाले कार्मलको पहाडमा इस्राएलीहरूलाई देखाइदिए। पेन्टिकोस्टको समयमा पवित्र आत्मा आगोको मुस्लो भएर चेलाहरूका शिरमा अवतरण भएको थियो। तिनीहरू पवित्र आत्माले भरिएपछि तिनीहरूले साक्षी बकेका भाषा यस्तो हुन गयो कि हजारौं देशी विदेशी यहूदीहरूले आआफ्नै भाषामा सुन्न पाए। ती चेलाहरूले यस्तो भाषा बोलेकि तिनीहरूले पहिला कहिलै पनि बोलेका थिएनन्। त्यसकारण पवित्र आत्माको बप्तिस्मा भनेको परमेश्वरको उपस्थिति र शक्तिमा चुर्लुम्म डुब्नु हो। त्यो किन हुन्छ भन्दा हामी उहाँको महिमाको साक्षी उचित रूपमा दिन सकौं भनेर हो। संसारको इतिहासको अन्तमा फेरि एक फेरा परमेश्वरका जनहरू उहाँको उपस्थितिमा डुब्नेछन्। अनि तिनीहरू परमेश्वरको शक्ति र जोशले भर्नेछन् र संसारमा उहाँको महिमाको साक्षी दिन तिनीहरूलाई पठाइनेछ। परमेश्वरको तेज र महिमाले यस पृथ्वी ढाकिनेछ। "जसरी समुद्र पानीले भरिएको छ त्यसरी नै यस पृथ्वी मेरो महिमाको ज्ञानले भरिने छ" परमेश्वरले भन्नुभएको थियो (हबकूक २:१४ रूपान्तरित)। परमेश्वरको स्वर्गदूत स्वर्गबाट सन्देश लिएर आएको येशूको चेला यूहन्नाले आफ्नो दर्शनमा देखेका थिए। त्यसबेला त्यस स्वर्गदूतको महिमा तेजिलो भएर यस पृथ्वी भरिएको थियो (प्रकाश १८:१ रूपान्तरित)।

**परमेश्वरको महिमा उहाँको प्रेमिलो र पवित्र चरित्र हो। पर्खिरहेको संसारमा पवित्र आत्माको शक्तिद्वारा परमेश्वरको असली स्वभाव देखाइनेछ। यस पृथ्वी ग्रहमा रहेका प्रत्येक मानव प्राणीले परमेश्वरको अन्तिम दिनको सन्देश सुन्न र बुझ्न अवसर पाउनेछ।**

हो, परमेश्वरको महिमा भनेकै उहाँको प्रेमिलो स्वभाव हो। त्यो स्वभाव सारा संसारले देख्ने पाइनेछ। तपाईंको जीवनमा परमेश्वरको महिमा कसरी देखाउनु हुन्छ? परमेश्वरको चरित्र तपाईंले देखाउन तपाईंले के गर्नुपर्दछ?

## ५. येशू र सैतानको बीचमा भएको महान् मतभेदको युद्ध समाप्त हुन्छ (प्रकाश १२:१७)

**प्रकाशको पुस्तकको मूल विषय वस्तुलाई यी केही शव्दहरूमा वाख्या गर्न सकिन्छः** ***येशूले जित्नुहुन्छ र सैतान हार्दछ।***

प्रकाशको पुस्तकमा लेखिएका देहायका पदहरूमा के महत्त्वपूर्ण सन्देश छ? हेर्नुहोस्ः प्रकाश १२:१०-१७, "तब मैले स्वर्गमा यसो भनिएको एउटा ठूलो सोर सुनें, "अबदेखि हाम्रा परमेश्वरले उद्धार गर्नुहुन्छ र उहाँले आफ्नो राजकीय शक्ति देखाउनुभएको छ। अब उहाँको ख्रीष्टले अधिकार देखाउनुभएको छ। अब हाम्रा दाजुभाइहरूलाई दिन-रात परमेश्वरको अगाडि दोष लगाउने शैतान स्वर्गबाट फालिएको छ। ११ थुमाको रगतले, उनीहरूले घोषणा गरेका सत्य वचनले र ज्यानसम्म दिन उनीहरू तयार भएका हुनाले हाम्रा भाइहरूले त्यसलाई जितेका छन्। १२ यसकारण स्वर्ग र त्यहाँ रहनेहरू सबै रमाओ! तर पृथ्वी र समुद्रलाई हाय! हाय!! किनभने तिनीहरूका बीचमा शैतान रिसाएर आएको छ र त्यसको समय सिद्धिन लागेको छ भन्ने त्यसलाई थाहा छ।" १३ "तब पृथ्वीमा फ्याँकिएको छु भन्ने थाहा पाएर अजिङ्गरले त्यो छोरा पाउने आमालाई खेद्न थाल्यो। १४ अजिङ्गरबाट बाँचेर उजाड-स्थानमा भएको आफ्नो शरणस्थानमा पुग्न ती स्त्रीलाई गरुडको दुईटा पखेटा दिइएको थियो। त्यहाँ तिनको लागि साढे तीन वर्षसम्म पालन-पोषण गरिनेछ। १५ ती स्त्रीलाई भल-बाढीले बगाउन त्यो अजिङ्गरले आफ्नो मुखबाट एउटा खोलासरह पानी निकाल्यो। १६ तर पृथ्वीले त्यस स्त्रीलाई बचाउन आफ्नो मुख उघारेर त्यो अजिङ्गरले बगाएको पानी निलिदियो। १७ अनि त्यो अजिङ्गर

समुद्रको किनारमा उभियो।", प्रकाश १७:१२-१४ "११ अनि त्यो जनावर, जो पहिले जिउँदो थियो तर अब छैन, त्यो आठौं राजा हो तापनि त्यो सातमध्ये पनि एक हो र त्यसको नाश हुनेछ।

१२ "तिमीले देखेका दश सिङचाहिँ दश राजाहरू हुन्, तर उनीहरूले चाहिँ राज्य गर्न सुरु गरेका छैनन्। उनीहरूले एक-एक घण्टा गरेर त्यो जनावरसित राज्य गर्ने अधिकार पाउनेछन्। १३ यी दश राजाको एउटै उद्देश्य छ र उनीहरू सबैले आफ्ना शक्ति र अधिकार त्यो जनावरलाई दिन्छन्। १४ उनीहरू थुमाको विरोधमा लड्नेछन्, तर थुमाले आफ्ना बोलाइएका, छानिएका र विश्वासी भक्तहरू लिएर उनीहरूलाई जित्नुहुनेछ किनभने उहाँ प्रभुहरूका प्रभु र राजाहरूका राजा हुनुहुन्छ।" र प्रकाश १९:११-१७ "अनि मैले स्वर्ग खोलिएको देखें र एउटा सेतो घोडा देखें। त्यो घोडामाथि सवारी हुनेको नाउँ 'विश्वासिलो र सत्य' रहेछ। उहाँले ठीकसित न्याय गर्नुहुन्छ र लडाइँ गर्नुहुन्छ। १२ उहाँका आँखा आगोको ज्वालाजस्ता रहेछन् र उहाँका टाउकोमा धेरै मुकुट थिए। उहाँको एउटा नाउँ लेखिएको थियो तर त्यो नाउँ उहाँलाई मात्र थाहा छ। १३ उहाँले लाउनुभएको लुगा रगतले भरिएको थियो। उहाँको नाउँचाहिँ "परमेश्वरको वचन" हो। १४ सेता घोडामा चढेका र सफा सेता लुगा लाएका स्वर्गका सेनाहरू उहाँका पछि-पछि लागे। १५ उहाँको मुखबाट एउटा धारिलो तरवार निस्केको थियो। त्यो तरवार लिएर उहाँले जाति-जातिलाई जित्नुहुनेछ। उहाँले उनीहरूमाथि कडा शासन गर्नुहुनेछ र कोलमा दाख कुल्ची रस निकालेझैं उहाँले सर्वशक्तिमान् परमेश्वरको क्रोधको कोलमा तिनीहरूलाई कुल्चनुहुनेछ। १६ उहाँको लुगा र उहाँको तिघ्रामा "राजाहरूका राजा र प्रभुहरूका प्रभु" भन्ने नाउँ लेखिएको थियो।"

**सारा मानव प्राणीको निम्ति सुसमाचार त यो होः क्रुसमा सैतानलाई हराउनुभएको त्यही येशू फेरि आउनुहुनेछ र सैतानको नारकीय शक्तिमाथि विजय पाउनु हुनेछ। पाप, अधर्म, दुष्ट खराब आदिलाई येशूले सदाको निम्ति अन्त गर्नुहुनेछ (प्रकाश १९:१९-२१, इजिकिएल २८:१८,१९)। सैतानले आफ्नो अन्तिम शव्द बोल्न पाउने छैन। बिमार, दुःखकष्टले अन्तिम शव्द बोल्न पाउने छैन। अपराध र**

विधिहीनले अन्तिम शव्द बोल्न पाउने छैन। रोगव्याधी र मृत्युले अन्तिम शव्द बोल्न पाउने छैन।

बरू, यस संसारलाई माथ गर्न अन्तिम शव्द परमेश्वरकै हुनेछ।

त्यस समय नआउँञ्जेल प्रत्येक मानिसकहाँ परमपिता परमेश्वर, पुत्र र पवित्र आत्मा पुग्न आफूहरूले भ्यायसम्म अथक प्रयास गरिरहनुभएको छ। परमेश्वरबाट टाढा रहेर दुष्टको मार्गमा चलि उद्धार पाउन नचाहने संसारको निम्ति परमेश्वर पिताको हृदय दुःखी रहेको हुन्छ। अनि येशूको अचम्मको अनुग्रह र सत्यलाई आफ्ना कामहरूबाट, आचरण र बोलीवचनहरूबाट उहाँका जनहरूले संसारलाई देखाउनेछन्।

निसन्देह, येशूको सत्य र अनुग्रहलाई देखाउनेहरूको विरुद्धमा सैतानले उसको शक्तिले भ्यायसम्म प्रतिकार गर्नेछ। यस संसारमा अन्तिम शङ्कट आउनेछ। येशूले उहाँका भक्तजनहरूलाई पछिल्लो वर्षा वा पवित्र आत्मा खन्याइदिनुहुनेछ। अनि यस संसारमा परमेश्वरको काम सिद्धिने छ।

“परमेश्वरको पवित्रताको प्रतापले उहाँका सेवकहरूको अनुहार चम्किनेछ र हतार हतारमा जहाँतहीँ स्वर्गबाट आएको सन्देश प्रचार गर्न जानेछ। सारा पृथ्वीभरी हजारौं आवाजले यस संसारलाई चेतावनी दिनेछन्। अचम्म अचम्मका कामहरू हुनेछन्। बिमारहरू निको हुनेछन्। आश्चर्य काम र अनेकन् चिन्हहरू विश्वासीहरूबाट हुनेछन्।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६१२बाट रूपान्तरित।

यस संसारमा परमेश्वरले गर्नुपर्ने सम्पूर्ण काम सिद्धिनेछ। येशू आउनुहुनेछ। सारा जगत, स्वर्ग र पृथ्वी खुशीले गदगद हुनेछन्। त्यसकारण त्यस घडीको निम्ति हामी तयार हुन अत्यन्त जरूरी कुरा के ख्याल गरिराख्नु पर्दछ त? परमेश्वरको अनुग्रहले हाम्रो दैनिक जीवनमा आत्मिक पुनर्जागरणको अनुभव गरिरहनुपर्दछ र हामीलाई येशू जस्तो बनाउन पवित्र आत्मा हाम्रो हृदयमा आउन आग्रह गरिनै रहनुपर्दछ (१ यूहन्ना ३:१-३)।

हाम्रो संसार टुक्रा टुक्रा भएर क्षतविक्षत् भइरहेको छ। यो परिस्थितिलाई कुनचाहिँ निकायले अनुभव गरिनरहेको होला? सारा चर्चको आवश्यकता भनेको आत्मिक पुनर्जागरण र काँचुली फेरिएको

जीवन हो। येशूलाई हामीहरूको हृदय  खोलेर ती आवश्यकताको लागि प्रार्थना गर्ने भन्दा अरू कुनै ठूलो आवश्यकता छ त? यदि हामीहरूको पूरै हृदय उहाँलाई समर्पण गरे के हुने होला? यदि आत्मिक पुनर्जागरण र नयाँ जीवन बिताउन आह्वान गरिएको सन्देश प्रतिवद्धतासाथ यस संसारमा फैलायौं भने के हुने होला?

## उपसंहार:

थप जानकारी: **"वादविवाद तथा तर्कवितर्क गर्नुभन्दा परमेश्वरको पवित्र आत्माले अगुवाई गरेको भरमा प्रचारप्रसार गरिन्दा उहाँको सन्देश वढि मानिसहरूले सुन्न वातावरण बनिन्छ। परमेश्वरको वचन प्रस्तुत गरिएपछि मानिसहरूको हृदयमा  बिऊ रोपिएको हुन्छ। र त्यो अब हुर्केर वढ्नेछ र त्यसले फल फलाउनेछ। प्रचारकहरूले छरिएका सुसमाचारका कागजपत्रहरूले मानिसहरूको हृदयमा प्रभाव पारेको हुन्छ। तर यस संसारमा यस्ता धेरै दिमागहरू छन् जसले सत्यलाई राम्रोसंग बुझ्न सकेको छैन अथवा त्यसको पालन गर्न राजी भएका छैनन्। तर पवित्र आत्माको प्रतापले जताततै ज्योतिको किरण सर्वत्र फैलिरहेको छ। सत्यलाई स्पष्टरूपमा देखाइएको छ। अनि परमेश्वरको इमान्दारी सन्तानले परमेश्वरबाट अलग राख्ने संसारको मोहबाट अलग हुन निर्णय गर्दछन्। यस्ता भक्तहरूलाई पारिवारिक सम्बन्ध र चर्चसँगको सम्बन्धले माथ गर्न सक्नेछैन। यस संसारमा भएको सबै थोक भन्दा सत्यता नै तिनीहरूको निम्ति वढि महत्त्व भएको हुन्छ। सत्यको विरुद्धमा लड्न शत्रुहरू एकजुट हुनेछन्। धेरै विश्वासीहरू परमेश्वरको पक्षमा खडा  हुन आत्मनिर्णय गर्नेछन्।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६१२बाट रूपान्तरित।**

## चिन्तनमनन:

अ. "तर्कवितर्क वा वादविवाद गर्नुभन्दा पवित्र आत्माको अगुवाईमा चलियो भने धेरै मानिसहरूले सुसमाचार सुन्नेछन्" भन्ने एलेन जी ह्वाइटको कथनलाई तपाईंले के भन्नुहुन्छ? हामीहरूको सन्देश योजनावद्धरूपमा रचिएको छ र सन्तुलित नै छ। हामीहरूसँग भएको विद्याको पक्षमा प्रभावकारी तर्कहरू प्रस्तुत गरेका छन्। त्यस

परिप्रेक्ष्यमा एलेन जी ह्वाइटले भन्नुभएको कथनलाई हामीहरूले कसरी बुझ्ने?

आ. पुरानो करारमा परमेश्वरले उहाँका जनहरूलाई धेरै कबूलहरू गर्नुभएको थियो। वर्तमान चर्चको परिप्रेक्ष्यमा कबूलहरूबाट हामीले के आत्मज्ञान सिक्नसक्छौं? केही उदाहरणहरू हेर्नुहोस्ः व्यवस्था ११ः१३-२५, " "यसर्थ अब मैले तिमीहरूलाई आज दिएका आज्ञाहरू मान। परमप्रभु आफ्ना परमेश्वरलाई प्रेम गर र आफ्नो पूरा हृदयले उहाँको सेवा गर। १४ त्यसो गऱ्यौ भने चाहिएको बेलामा शरद् र वसन्त ऋतुमा उहाँले तिम्रा देशमा वर्षा पठाइदिनुहुनेछ र तिम्रा लागि अन्न, मद्य र जैतुनको तेल उब्जनेछन् १५ र तिम्रा गाई-वस्तुको लागि घाँस पाइनेछ। तिमीहरूलाई चाहिएका सबै भोजन तिमीहरू पाउनेछौ। १६ अरू देवताहरूलाई पुज्न र सेवा गर्नलाई तिमीहरू आफ्ना परमप्रभुदेखि टाढा नहोओ। १७ त्यसो गऱ्यौ भने परमप्रभु तिमीहरूसित रिसाउनुहुनेछ। उहाँले वर्षा रोकिदिनुहुनेछ र तिमीहरूका जमिन सुख्खा हुनेछ र त्यहाँ केही अन्न उम्रनेछैन। तब उहाँले तिमीहरूलाई दिन लाग्नुभएको देश असल भए तापनि त्यहाँ तिमीहरू चाँडै मर्नुपर्नेछ। १८ "यी आज्ञाहरूलाई याद राख र प्रेम गर। सम्झनाको लागि तिनलाई आफ्ना पाखुरामा बाँध र निधारमा लगाओ। १९ ती तिम्रा छोरा-छोरीहरूलाई सिकाओ। घरमा बस्दा वा टाढा जाँदा, विश्राम गर्दा वा काम गर्दा तिनका बारेमा चर्चा गर। २० तिम्रा घरको ढोकाको चौकोस र मूल-ढोकाहरूमा तिनलाई लेख। २१ तब तिमीहरू र तिम्रा छोरा-छोरीहरू परमप्रभु तिम्रा परमेश्वरले तिम्रा पुर्खाहरूलाई दिन्छु भनी प्रतिज्ञा गर्नुभएको देशमा धेरै दिनसम्म बाँचिरहनेछौ। जबसम्म पृथ्वीमाथि आकाश रहनेछ, तबसम्म तिमीहरू बाँचिरहनेछौ। २२ "मैले दिएका सबै नियमहरू

विश्वासयोग्यसाथ मान। परमप्रभु आफ्ना परमेश्वरलाई प्रेम गर। उहाँले आज्ञा गरेका सबै कुरा गर, उहाँप्रति विश्वासी रहो। २३ तब तिमीहरू अघि बढ्दा उहाँले ती सबै जातिहरूलाई धपाउनुहुनेछ र तिमीहरूभन्दा ठूला र बलिया जातिहरूका देश तिमीहरूले आफ्ना अधीनमा लिनेछौ। २४ तिमीहरूले पाइला हालेका सारा जमिन तिम्रा हुनेछन्। तिम्रो देश दक्षिणमा उजाड-स्थानदेखि उत्तरमा लेबनानका पहाडहरूसम्म अनि पूर्वमा यूफ्रेटिस नदीदेखि पश्चिममा भूमध्य सागरसम्म फैलिनेछ। २५ त्यस देशमा तिमीहरू जहाँ-जहाँ जाऔला, परमप्रभु परमेश्वरले आफ्नो प्रतिज्ञाअनुसार त्यहाँका मानिसहरूका मनमा तिमीहरूको डर हालिदिनुहुनेछ र कसैले तिमीहरूलाई रोक्न सक्नेछैन।", होशे ६:१-३ "१ मानिसहरू भन्दछन्, "हामी परमप्रभुकहाँ फर्कौं! उहाँले हामीलाई चोट पार्नुभयो, उहाँले नै हामीलाई निश्चय निको पार्नुहुनेछ। उहाँले हामीलाई घाइते बनाउनुभयो, उहाँले हाम्रा घाउमा मलम-पट्टी लगाइदिनुहुनेछ, होइन र? २ दुई तीन दिनमा उहाँले हामीलाई फेरि जगाउनुहुनेछ र हामी उहाँका सामुन्नेमा जिउनेछौं। ३ हामीहरू परमप्रभुलाई चिन्ने चेष्टा गरौं। जसरी बिहान उज्यालो हुन्छ वा जमिन भिजाउने बसन्त ऋतुको झरी निश्चय आउनेछ, त्यसरी नै उहाँ हामीकहाँ अवश्यै आउनुहुनेछ।" र होशे १०:११-१२, " "एक समय इस्राएल राम्ररी तालिम पाएर अन्न दाइँ गर्न तयार र राजी रहने गाईको बाच्छी वा कोरलीजस्तै थियो। तर त्यसका सुन्दर काँधमा जुवा लाएर अझ भारी काममा त्यसलाई जोत्ने मैले निश्चय गरें। मैले यहूदालाई हलो र इस्राएललाई दाँदे तान्न लाएँ। १२ मैले भनें, 'आफ्नो निम्ति नयाँ जमिन जोत, धार्मिकताको बिउ रोप र निरन्तर रहने प्रेमको फल बटुल। अब तिमीहरूको आफ्ना

परमप्रभुतिर फर्कने समय आयो। अनि म आएर तिमीहरूमाथि आशिष् खन्याउनेछु।"

इ. विश्वविख्यात नोबल पुरस्कार पाएका खगोलशास्त्री बेलायतका डा. स्टिफन हकिन संसारको प्रख्यात वैज्ञानिकहरूमध्ये एक हुन्। "मृत्युपछिको जीवन अन्धकारदेखि डराउने मानिसहरूको निम्ति दन्त्यकथा हुन्" भनेर उहाँले भन्नुभएको थियो। परमेश्वर र उहाँको प्रेमलाई नचिन्ने संसारको निम्ति हामीहरूमा भएको सन्देश र आशा कतिको महत्त्वपूर्ण रहेछ भनेर उपरोक्त कथनले देखाउँदछ?

ई. येशू ठ्याक्कै कहिलै आउनुहुन्छ भनेर हामीलाई थाहा छैन। तर हामीलाई थाहा छ उहाँ आउनुभएको हामी चाहन्छौं। यस पापी, अधर्मी, अन्यायी, आततायी वा आतङ्कारीहरूले तर्साउने, अत्याचारी, भ्रष्ट र विरामी भएको संसारको अन्त भएको हामी चाहन्छौं। त्यसैकारण हामी विश्वासीहरूलाई आत्मिक पुनर्जागरण र नव जीवन वा काँचुली फेरेको जीवन अति आवश्यक छन् भनेर थाहा छ। हामीहरूका विश्वका चर्चका अगुवाहरूले त्यस परिस्थितिको निम्ति आह्वान गरिरहेकाछन्। तर आखिरमा पवित्र आत्माले हाम्रो हृदयमा काम गर्न दियौं भने मात्र आत्मिक पुनर्जागरण र काँचुली फेरेको जीवन हामीले अनुभव गर्न सक्दछौं। जब सम्म जानाजानी हामीहरूले हामीहरूको हृदय, आत्मा र दिमागलाई परमेश्वरमा सुम्पन्न राजी हुँदैनौं तब सम्म आत्मिक पुनर्जागरण र नव जीवनको आभास् हामी पाउन सक्दैनौं। अरूलाई मूल्याङ्कन नगरीकन हामीहरूकै जीवनमा पवित्र आत्माले काम गर्न दिन हामी के गर्नुपर्दछ? पवित्र आत्मा पाउन तयार हुन एक आपसले कसरी उत्साहित पार्ने?